लोक सेवा आयोग
बुटवल कार्यालय
(परीक्षा शाखा)
बुटवल, रूपन्देही

# आन्तरिक प्रतियोगिता तर्फको खरिदार वा सो सरह (अप्राविधिक) पदको लिखित परीक्षाको परीक्षा केन्द्र कायम गरिएको सूचना।

**सूचना नं. १८५/०८०-८१, मिति २०८१/०२/२४ गते**

लोक सेवा आयोग, बुटवल कार्यालयको विज्ञापन नं. **१३८०७/०८०-८१ (आ.प्र.)**, रा.प.अनं. द्वितीय श्रेणी (अप्राविधिक), खरिदार वा सो सरह पदमा **बुटवल परीक्षा केन्द्र** राखी दरखास्त स्वीकृत भएका उम्मेदवारको लिखित परीक्षा कार्यक्रम निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाण सहितका कागजात संलग्न राखी **लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१)** बमोजिम परीक्षा शुरू हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ। परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरू **द्रष्टव्य १** मा उल्लेख गरिएको छ।

**परीक्षा कार्यक्रम**

| क्र.सं. | पत्र | विज्ञापन नं. | पद | परीक्षा प्रणाली | विषय | परीक्षा मिति र समय | अवधि |
|---|---|---|---|---|---|---|---|
| १. | प्रथम | १३८०७/०८०-८१ (आ.प्र.) | खरिदार वा सो सरह | वस्तुगत (Objective) | सामान्य ज्ञान | २०८१/०३/१६ गते दिनको २:०० बजे | ४५ मिनेट |
| २. | द्वितीय | | | विषयगत (Subjective) | सेवा सम्बन्धित कार्य ज्ञान | २०८१/०३/१७ गते दिनको २:०० बजे | २ घण्टा ३० मिनेट |

**परीक्षा केन्द्र**

| क्र.सं. | उम्मेदवारको रोल नम्बर | परीक्षार्थी संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १. | ५५०००१ देखि दरखास्त स्वीकृत भएका सबै उम्मेदवार | दरखास्त स्वीकृत भएका सबै उम्मेदवार | श्री लोक सेवा आयोग, बुटवल कार्यालयको परीक्षा हल |

**द्रष्टव्य १**:-

१. उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डटपेन/कलम** मात्र प्रयोग गर्नुपर्नेछ।
२. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराईने हुँदा **प्रवेश पत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै** परीक्षा भवनमा आइपुग्नुपर्नेछ।
३. परीक्षा भवनमा **झोला, मोबाईल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरू लैजान निषेध** गरिएको छ।
४. परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि **आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम** स्थगित हुनेछैन।
५. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेश पत्र सँगै आफ्नो **नागरीकताको प्रमाणपत्र** वा **नेपाल सरकारबाट जारी भएको फोटो सहितको कुनै सक्कलै परिचयपत्र** अनिवार्य रुपमा लिई आउनुपर्नेछ।
६. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ।
७. तोकिएको परीक्षा भवन भन्दा बाहेक अन्य परीक्षा भवनमा कुनै पनि उम्मेदवारलाई सम्मिलित गराइने छैन।

(पुरुषोत्तम चौधरी)
कम्प्युटर अपरेटर

(चेतन कुमार अधिकारी)
नायब सुब्बा

(हर्क बहादुर रोका)
शाखा अधिकृत